# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हरिनगरा, सुनसरीको

## आयोजना सम्झौता अन्त्य गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति २०८०।०३।१२**

यस कार्यालय र श्री वर्ल्ड वाइड-सुशान्त जेभि निर्माण कम्पनी बीच मिति २०७७।१०।०४ मा भएको सम्झौता अनुसार यस गाउँपालिका अन्तर्गत देवानगञ्ज सडक-शिकारी टोल- कब्रिस्तान- नुरुद्दिन घर सम्मको सडक निर्माण गर्ने गरी ठेक्का नं. HRM ROADS/C/NCB/01/077–078 को सम्झौता भएको र सो सम्झौताको म्याद २०८०।०३।२० सम्म भएको भए पनि सम्झौता बमोजिमको कार्य नगरेका कारणले यस कार्यालयको च. नं. १६८३ मिति २०७९।११।३० को पत्र, च. नं १९११ मिति २०७९।१२।२३ को पत्र समेतको वेवास्ता गरेको र मिति २०७९।१२।२४ का दिन राष्ट्रियस्तरको दैनिक समाचार पत्रिका "नयाँ पत्रिका" मा आयोजना सञ्चालनका लागि ताकेता सम्वन्धी सूचना प्रकाशन गरेपछि त्यस निर्माण सम्वन्धी कम्पनीले मिति २०७९।१२।२६ गतेका दिन इमेल मार्फत लिखित जबाफ पठाइ सम्झौता वमोजिम गर्नु पर्ने कार्य वि सं २०८० साल बैशाख महिनाको पहिलो हप्ताबाट कार्य थालनी गर्ने प्रतिवद्धता जनाएकोमा हालसम्म आयोजनाको बाँकी कार्य थालनी गर्ने कुनै खालको चासो नदेखाएको कारणले यस गाउँपालिकाको कार्यपालिकाको मिति २०८०।०१।१४ गतेको निर्णयबाट नियमानुसार कारवाही गर्न निर्देशन भइ सकेको हुँदा यो सार्वजनिक सूचना प्रकाशन गर्ने कार्य भएको छ । यस सम्वन्धमा के कति कारणले जिम्मा लिएको ठेक्का वमोजिमको कार्य नगर्नु नगराउन भएको हो ? तपाइलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ वमोजिम सम्झौता अन्त्य गरी सो ऐन बमोजिम अन्य थप कारवाही गर्नु नपर्ने के कति कारणहरु रहेका छन् ? यस कार्यालयलाई चित्त बुझ्ने गरी लिखित जबाफ सहित यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन भित्र कार्यालयमा सम्पर्क राख्न आउनु हुनका लागि प्राकृतिक न्यायको सिद्धान्त समेतका आधारमा अन्तिम पटकका लागि यो सूचना प्रकाशन गरि सुनुवाइको मौका प्रदान गरिएको छ । अन्यथा प्रचलित कानून वमोजिम बाँकी कानूनी कारवाही समेत हुने व्यहोरा जानकारी गराइन्छ ।

हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरी कोशी प्रदेश, नेपाल

२०८०।३।१२

प्रमुख प्रशासकीय अधिकृत